# मिक्वाखोला गाउँपालिकाको

# आर्थिक वर्ष

# २०८२/८३ को

# नीति तथा कार्यक्रम

**गाउँसभाका उपाध्यक्ष ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**गाउँसभाका माननीय सदस्य ज्यूहरू,**
**उपस्थित राष्ट्र सेवक कर्मचारीहरू,**
**राजनैतिक पाटीका प्रतिनिधि ज्यूहरू,**
**संचारकर्मी तथा पत्रकार मित्रहरु !**
**अन्य उपस्थित महानुभावहरु**
**तथा पालिका, देश- विदेशका विभिन्न स्थानबाट प्रत्क्षय प्रशारण मार्फत यस कार्यक्रम हेर्दै गर्नुभएका महानुभावहरु,**

नेपालको संविधान बमोजिम दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट हामी दोस्रो कार्यकालका लागि निर्वाचित भएको तिन वर्ष पूरा भइ चौथो वर्षमा प्रवेश गर्दैछौ । निर्वाचनको बेला घोषणा-पत्र मार्फत जनतालाई दिएको वचन पूरा गर्ने क्रममा छौ शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी, भौतिक पूर्वाधार, पर्यटन, कृषि भाषा धर्म तथा संस्कृती र सुशासन हाम्रा प्राथमिकताका विषयहरु हुन् ।जनप्रतिनिधिहरुले आफ्नो क्षमताले संविधान र प्रचलित कानुनको परिधिभित्र रहेर जनताको सेवा गर्दैछौ ।

मिक्वाखोला गाउँपालिकालाई आजको अवस्थासम्म ल्याइ पुर्‍याउन स्थानीय जनता, पूर्व जनप्रतिनिधिहरुको निकै ठूलो भूमिका रहेको छ ।आजको दिन उहाँहरुको योगदानको उच्च सम्मान गर्छौं ।उहाँहरुले गर्नुभएको योगदानले निरन्तर जनताको सेवामा समर्पित भएर लाग्न हामीलाई प्रेरणा प्राप्त भएको छ ।

नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणाली बमोजिम तीन तहका सरकार गठन भई विकास, संमृद्धि र सुशासन मार्फत दिगो शान्तिको मार्गमा मुलुक अघि बढी रहेको छ ।जनतालाई स्थानीय स्तरबाटै सेवा प्रवाह गर्दै उनीहरुको हक अधिकारको सुरक्षा गर्न, शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्दै, विकासका बहुआयामिक पक्षहरुमा स्थानीय जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि स्थानीय तहको परिकल्पनाको लागि सुखी र खुसी समृद्ध मिक्वाखोला गाउँपालिका बनाउने प्रयास गरिएको छ ।

लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण मार्फत दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक शासन प्रणालीलाई स्थापना गर्न, राष्ट्रहित, लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा विभिन्न आन्दोलनहरूका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरू प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका तथा वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। "आत्म निर्भर र समृद्ध मिक्वाखोला - सुखी मिक्वाखोला वासी" निर्माणको दिर्घकालिन लक्ष्य तथा सुशासन सहित अगाडी बढिरहेको मिक्वाखोला गाउँपालिकाको यस गरिमामय गाउँसभा को २० औं अधिवेशन समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२-८३ को कार्यक्रममा बुद्धिजीवि, पेशाकर्मी, राजनैतिक दल, तथा गाउँ वासीको सल्लाह सुझावलाई आत्मासाथ गरी नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति भएको छ ।

**उपस्थित गाउँसभा सदस्य ज्यूहरू,**

अब म, यस सभामा आगामी आर्थिक वर्ष २०८२-८३ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।यस वर्षको नीति तथा कार्यक्रममा मिक्वाखोला वासीको स्वास्थ्य, तथा शिक्षालाइ पहिलो प्राथमिकतामा राखी व्यावसायिक कृषि, भौतिक पूर्वाधार, सडक सञ्जाल, स्वास्थ्य शिक्षा पर्यटन तथा संस्कृति र रोजगारमुलक क्रियाकलापलाई मूख्य ध्यानमा राखिएको छ।

**यस गरिमामय गाउँ सभामा आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम पेश गर्दछु ।**

नेपालको संविधानले अंगिकार गरेको राष्ट्र तथा राज्य निर्माणको मार्गमा मिक्वाखोला गाउँपालिकाले अग्रगामी कदमहरू निरन्तर रुपमा चलायमान पार्ने प्रतिवद्धतालाई आत्मसात गर्दै स्थानीय सरकारको प्रत्याभूत जनस्तर सम्म पुर्याउने कार्य निरन्तर रुपमा चलिरहेको छ ।अबको समयमा सबल, सक्षम र प्रभावकारी स्थानीय तहको अवधारणालाई सार्थकता प्रदान गर्न आफ्नो ठाउँ आफैं बनाऊ भन्ने मुलमन्त्रलाई समेत आत्मसाथ गर्दै यस मिक्वाखोला गाउँपालिकाको गरिमामय गाउँ सभाले नवौं पटक मिक्वाखोला गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तय गर्न सफल भएको छ ।

समुन्नत र समृद्ध मिक्वाखोला गाउँपालिकाको निर्माणको लागि सबै विचारधाराका निर्वाचित जनप्रतिनिधि, राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, विकास साझेदार तथा सरोकारवालाहरु, स्थानीय वुद्धिजिवीहरु, पेशाकर्मी, नागरिक समाज, दबाब समूह, शिक्षकवर्ग, विद्यार्थीहरु, सञ्चारकर्मीहरु, सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, दातृ निकायहरु, अन्तर्राष्ट्रिय संघ संगठनहरु, श्रमिक वर्ग, व्यवसायी, जनसमूदायहरु एउटै तर विशाल पृष्ठभूमिमा उभिनुको अर्को सर्वोत्तम विकल्प छैन ।त्सर्थ मिक्वाखोला गाउँपालिकाले तय गरेको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सबैको आ-आफ्नै ठाउँबाट सद्प्रयासको अपेक्षा राखेको छु ।

## सदस्य ज्यूहरु,

**आगामी आर्थिक बर्ष २०८२/८३ को लागि विषयगत नीतिहरु प्रस्तुत गर्दछु ।**

### (क) <u>कृषि, पशुपालन तथा सहकारी सम्बन्धी नीति</u>

१. कृषिजन्य नगदेवाली खेतीका लागि किसानहरुलाई आवश्यक प्रविधिहरु हस्तान्तरण द ीर्घकालिन आम्दानी बढाउनको लागि विभिन्न कार्यक्रमहरु समावेश गरिने छ ।

२. अलैंचीको गुणस्तर वृद्धि गर्न कृषक सचेतना अभिवृद्धि गर्नका साथै सुधारिएको भट्टी लगाई सामानको गुणस्तर अभिवृद्धि गर्दै बजारीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।साथै सिचाई, औषधी, विषादी, अलैची व्यवस्था गरिनेछ ।

३. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

४. स्थानीय रैथाने वाली तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिईने छ ।

५. अर्गानिक तरकारी, च्याउ, किवि फलफूल खेती गरी बेरोजगार लक्षित गरी स्वरोजगार बनाउन नीजि तथा व्यक्तिगत तवरमा बिशेष प्रोत्साहन प्रदान गरिनेछ ।

६. जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने निजि फर्म, कृषक समूह, सहकारीहरुलाई उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

७. भौगोलिक तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट विरुवा लगाई बिस्तार गरिने छ ।

८. व्यवसायिक पशुपालन पंछी पालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ ।

९. अलैंची खेतीका अतिरिक्त उन्नत घाँस र जर्सी गाईबाट दुग्ध उत्पादनमा बृद्धि गर्ने साथै व्यवस्थित बजारीकरण गरिनेछ, साथै नर्सरीको व्यवस्थापन गरिनेछ।

१०. मौषमी कृत्रिम गर्भाधानलाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गरी ती स्थानहरुमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गर्दै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

११. मिक्वाखोला गाउँपालिकाका प्रत्येक वडामा निजी एग्रोभेट र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नता बढाइनेछ ।

१२. चरन तथा खर्क क्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोगको लागि सरोकारवालाहरुसँग समन्वयात्मक कार्य गरिनेछ ।

१३. उन्नत जातको पशुपंक्षी व्यवसायीहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ ।

१४. उन्नत जातको भेडा, बाख्रा, याक, चौरी, गाई, भैसी लगायत अन्य पशुपन्छीको आधुनिक फर्मको विकास गर्न जोड दिइनेछ। साथै व्यवसायी गर्ने फर्महरुलाई मूल्यांकन गरि प्रोत्साहन गरिनेछ ।

१५. यस गाउँपालिकाको आश्यकतालाई पहिचान गरी फलफुल तथा तरकारी संकलन केन्द्र र आधुनिक संकलन केन्द्र, चिस्यान केन्द्र निर्माण गर्न संघ र प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

१६. गाउँपालिका भित्रको कृषकहरु मध्येबाट उत्कृष्ट काम गर्नेलाई सम्मान कार्यक्रमको व्यवस्था मिलाईने छ ।

१७. मिक्वाखोला गाउँपालिका भित्र रहेको सहकारी संस्थाहरुमा शेयर सदस्यमा आधारित भएर लगानी गर्न आवश्यक नीति तय गरी कार्यान्वयन गरिनेछ ।

१८. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित विक्री वितरण प्रणाली (Co-operative Marketing System) लाई प्रोत्साहन गरिनेछ ।

१९. गाउँपालिका भित्र माटो परीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२०. कृर्षी उत्पादन वृद्धि गर्नको लागि भूगोल अनुसारको माटो परीक्षण गरी उचित खेती गर्न/गराउन कृषक समूह तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिने व्यवस्था मिलाईनेछ ।

२१. पालीका भित्र सामुहिक रुपमा खेती तथा व्यवसाय गर्न कृषक समूह तथा सहकारी संस्था, निजि फर्महरुलाई विषेश प्राथिमिकता दिई प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाईनेछ ।

२२. जडिवुटी व्यवसायिक खेतिको सम्भयता अध्ययन र मिक्वाखोला गाउँपालिका भित्र जडिवुटी खोज अनुसन्धान योजनाहरुलाई विषेश प्रोत्साहन दिईनेछ ।

२३. अर्गानिक उत्पादनमा विषेश जोड दिईनेछ ।

२४. मिक्वाखोला गाउँपालिका भित्र अलैंची खेतिलाई विस्तार गर्दै उन्नत जातको विऊ विरुवा नर्सरीको व्यवस्थापन, सिचाई व्यवस्थापन सबै वडामा कार्यक्रमको व्यवस्थापन मिलाईनेछ ।

२५. तल्लो क्षेत्रमा आयआर्जनको वृद्धि गर्नको लागि कफि, बेसार, सुकमेल खेति कार्यक्रमको व्यवस्थापन मिलाईनेछ ।

२६. स्थानीय महत्वको लागि कपास खेति कार्यक्रमको व्यवस्था मिलाईने छ ।

२७. धान, कोदो, मकै, गहुँ सबै भन्दा बढी उत्पादन गर्ने कृषकलाई समान गर्ने व्यवस्था मिलाईनेछ ।

२८. रेविज खोपको व्यवस्थालाई निरन्तरता दिईनेछ साथै पशुपंछीहरुको लागि औषधी अभाव नहुने व्यवस्था मिलाईनेछ ।

## सदस्य ज्यूहरु,

### (ख) शिक्षा तथा खेलकुद सम्बन्धी नीति

1. "शिक्षामा लगानी, ल्याउछ सुनौलो विहानी→ भन्ने मर्ममा आधारित शिक्षामा लगानी बढाईनेछ ।
2. विद्यालय निरिक्षण र सुपरिवेक्षण नियमित गरिनेछ।
3. वि.व्य.स., प्र.अ., अविभावक र शिक्षकको क्षमता विकास गर्नको लागि आवश्यक कार्यक्रम व्यवस्थापन गरिनेछ ।
4. बिद्यालयला्इ प्रदान गरिने बिभिन्न अनुदान रकमहरुला्इ लक्षित बर्ग सम्म पुर्याउन आर्थिक पारदर्शीताको नीति अवलम्वन गरिनेछ र बिद्यालयको सामाजिक परिक्षणला्इ अनिवार्य र प्रभावकारी बना्इ कार्यन्वयन गरिनेछ ।
5. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुला्इ औपचारीक शिक्षाको मुल प्रवाहमा समेट्न बिभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
6. अनुमति प्रदान गरिएका बिद्यालयहरुमा रहेका शिक्षकहरुलाई आवश्यकता निर्धारण दरबन्दी प्रदान गर्ने पहल गरिनेछ। मिक्वाखोला गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्ने व्यवस्था मिलाईनेछ ।
7. यस मिक्वाखोला गाउँपालिका अन्तर्गतका बिद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ ।
8. स्थानीय पाठ्यक्रमको आधारमा स्थानीय सिप ज्ञान संस्कृति र पर्यटन प्रबर्द्धनमा हुने विषय बस्तुहरु छनौट गरि स्थानीय पाठ्क्रम पाठ्यपुस्तक निर्माण गरिनेछ ।
9. गाउँपालिका भित्रका सर्वोत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्ति दिने नीति अवलम्बन गरिनेछ ।

10. शिक्षकहरुलाई अध्यापन अनुमतिपत्रको अनिवार्यतालाई शिक्षा ऐन तथा नियमावलीको अधीनमा रही थप परिष्कार एवं परिमार्जन गर्ने कार्यविधि बनाइनेछ ।
11. विद्यालय भवन तथा शौचालय निर्माण, गुणस्तरिय शिक्षा र स्वच्छ खानेपानीको लागि सरकारी तथा गैह सरकारी संस्था साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।
12. शिक्षा क्षेत्रको नीतिगत सुदृढीकरणको लागि गाउँशिक्षा नीति, शिक्षा सम्बन्धी विभिन्न कानुनी व्यवस्थाको सुनिश्चित गरिनेछ र गाउँशिक्षा योजना निर्माण गरी लागू गरिने छ ।
13. वालविकास सहजकर्ता विद्यालय सहयोगी तथा विद्यालय कर्मचारीहरुलाई सेवा सुविधाको पुनरावलोकन गरिनेछ ।
14. शिक्षक तथा प्र.अ.हरुको बालविकास, विद्यालय व्यवस्थापन समिति, कार्यालय सहयोगी अभिवृद्धी कार्यक्रम लागू गरिने छ ।
15. गा.पा. स्तरीय कक्षा ८ को परीक्षा व्यवस्थापनको लागि दिगो श्रोत निर्धारण तथा विज्ञ छनौट जस्ता व्यस्थापकीय पक्षलाई सुदृढीकरण गरिने छ ।
16. प्राविधिक शिक्षालाई जोड दिदै सामुदायिक विद्यालय तर्फ कक्षा १२ सम्मको अध्ययनलाई निःशुल्क बनाउन आवश्यक पुर्वाधार तथा कार्यक्रमहरु लाई निरन्तरता दिईने छ ।
17. वालविकास कक्षा र १ कक्षा सम्म सबै विद्यालयहरुमा अंग्रेजी माध्यमको पाठ्यपुस्तक उपलब्ध गर्ने व्यवस्था मिलाईनेछ ।
18. सामुदायिक विद्यालयमा छात्राहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै सेनेटरी प्याडको व्यवस्था मिलाईनेछ ।
19. पालिका भित्र रहेको ४ वटा माध्यमिक विद्यालयको लागि २ जना कम्प्युटर शिक्षक तथा कोचिङ कक्षा संचालन व्यवस्था मिलाईनेछ ।
20. शैक्षिक गुणस्तर सुधार गर्नको लागि विद्यालय व्यवस्थापन समिति अभिभावकहरुलाई भेला गराई सचेतनाको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

**21.** स्थानीय भाषा संस्कृति चाँड पर्व सभ्यतालाई जगेर्ना गर्न विभिन्न किसिमका साँस्कृतिक तथा खेलकुद कार्यक्रमको आयोजना गरिने छ।

22. स्थानीय स्तरमा आयोजना गरिने खेलकुद प्रतियोगिताहरुलाई उचित बजेट व्यवस्थापन गरिने छ।

23. लोपउन्मुख स्थानीय खेलहरुलाई पुनर्जागरण गर्न पहल गरिने छ।

24. एक (१) पालिका एक (१) रंगशाला र एक (१) वडा एक (१) खेलमैदानको व्यवस्था मिलाईनेछ ।

25. पालिका तथा अन्तर पालिका भित्र तथा बाह्य सहयोगी खेलाडीहरुको लागि आवश्यकता अनुसार उचित प्रोत्साहनको व्यवस्था गरिने छ ।

**सदस्य ज्यूहरु,**

## (ग) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति

1. एम्बुलेन्स संचालनलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।
2. मुटु, मृगौला र क्यान्सर रोगीलाई नेपाल सरकारबाट प्रदान गरिने सेवा पालिका बाटै उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।
3. गाउँपालिका भित्र मदिरा, सुर्ति जन्य मादक पदार्थ, लागु पदार्थहरुको प्रयोग निरुत्साहित गर्ने कार्यक्रम लागु गरिनेछ।
4. विश्वव्यापी महामारीको रुपमा फैलिन सक्ने संक्रामक रोगको रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रमहरु समावेश गरिनुका साथै स्वास्थ्य पुर्वाधार निर्माणका लागि जोड दिईने छ ।
5. गर्भवती महिलालाई घरमा गराईने सुत्केरी अवस्थालाई निरुत्साहित गर्ने वर्थिङ सेन्टरमा सुत्केरी गराउन प्रोत्साहित गरिने छ ।साथै पालिका भित्र रहेको सबै स्वास्थ्य चौकीहरुमा बाह्रै महिना जनशक्ति औषधी उपलब्ध हुने वातावरण सिर्जना गरिनेछ ।
6. पूर्ण खोपको अवधारणालाई मध्यनजर गर्दै घर धुरी सर्वेक्षण गरी खोप लगाउन बाट छुट भएको बच्चालाई खोपकेन्द्रमा गई खोप लगाउन उत्साहित गरिने छ ।
7. ७० बर्ष भन्दा माथिको वृद्धवृद्धाहरुलाई प्रत्येक वडामा स्वास्थ्य विमा र स्वास्थ्य शिविरको व्यवस्था मिलाइनेछ।
8. पालिकाको पाँच शैयाको अस्पताललाई संचालनमा ल्याइने छ र आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था गरिने छ।
9. वडा नं. २ मा भवन निर्माण तथा व्यवस्थापनको लागि स्वास्थ्य चौकी स्थापना गर्न संघ र प्रदेश सरकार संग पहल गरिनेछ।
10. आँखा, दात, मधुमेह रोगको प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिने छ ।
11. ओझागाउँ स्वास्थ्य इकाइ र काँडे स्वास्थ्य इकाइमा सम्बन्धित वडाको स्वास्थ्य केन्द्रबाट कर्मचारी व्यवस्थापन गरी इकाइ सुचारु गरिनेछ ।
12. थापागाउँ आधारभूत स्वास्थ्य केन्द्रमा ल्याव टेस्टको व्यवस्था मिलाईनेछ साथै क्रमागत रुपमा ५ वटै स्वास्थ्य केन्द्रमा ल्याव टेस्टको व्यवस्था मिलाइने छ ।

**सदस्य ज्यूहरु,**

## (घ) खानेपानी, सिंचाई तथा सरसफाई सम्बन्धी

१. पानीका मुहानहरुको संरक्षण गरि गाउँपालिका भरी स्वच्छ सफा खानेपानीको व्यवस्था गरिने छ ।

२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा शुरु गरिएका क्रमागत आयोजनाहरु लाई प्राथमिकता राख्दै थप संभावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जुमा गरिनेछ।

३. गाउँपालिका स्तरमा सरसफाई योजना तयार गरि कार्यान्वयनमा ल्याइनेछ।

४. पालिका भित्र खानेपानी योजना सिंचाई गर्नको लागि प्रदेश र संघ सँग पहल गरि संचालनमा ल्याउन व्यवस्था गरिने छ ।

५. एक घर एक धाराको अवधारणा अनुसार खानेपानीलाई व्यवस्थित गरिने छ ।

**सदस्य ज्यूहरु,**

## (ङ) विद्युत तथा उर्जा सम्बन्धी निति

१. गाउँपालिकामा राष्ट्रिय विद्युत प्रशारण लाईनको पँहुच पुर्‍याईने छ।
२. पालिका भित्र संचालनमा रहेका लघु जलविद्युत परियोजनालाई दिगो तथा भरपर्दो बनाउन आवश्यक सहयोग गरिनेछ।
३. गाउँवासीले दैनिक रुपमा खाना पकाउन प्रयोग गर्ने इन्धनको रुपमा रहेको दाउरा बाट आउने धुवाबाट स्वास्थ्यमा हुने प्रतिकूल असरलाई कम गर्न सुधारिएको चुलो, ग्यास चुलो तथा विद्युतिय चुलोद्वारा प्रतिस्थापन गर्दै लगिने छ।
४. गाउँपालिका भित्र संचालित हाईड्रोपावरहरुलाई गाउँपालिकामा सुचिकृत गराई बर्षभरि गरिएको कामको प्रतिवेदन पेश गर्न लाउने व्यवस्था गरिनेछ ।साथै काम गर्ने क्रममा बाधाविरोध आएमा गाउँपालिकाले समन्वय गर्ने व्यवस्था मिलाईनेछ ।

**सदस्य ज्यूहरु,**

## (च) भाषा, धर्म, संस्कृति तथा पर्यटन सम्बन्धी नीति

१. पालिका भित्र रहेका विभिन्न मातृभाषाहरुको संरक्षण तथा संबर्धनमा विशेष पहल गरिनेछ, मातृ भाषामा शिक्षा दिने विद्यालयलाई जनशक्ति र पाठ्यपुस्तकको व्यवस्था मिलाईने छ ।
२. बाघथला, वाम्मा पोखरी, मानाभरा, फुङफुङगे झरना, लोदेन, तोक्पेगोला पर्यटकीय पदमार्ग प्रचारप्रसार गर्ने व्यवस्था मिलाइनेछ ।
३. फुङफुङे झरना, ओत्रोक पोखरी, वाम्वा पोखरी र मानाभरा डाँडा सम्मको क्षेत्रलाई पर्यटकीय हबको रुपमा विकास गर्न पुर्वाधार निर्माण गरिने छ ।
४. मिक्वाखोला गाउँपालिका भित्र रहेका संस्कृति तथा पुरात्वातिक गुम्बा, मन्दिर, मांहिम, मुन्धुमे, किरात तथा चर्चहरुलाई संरक्षणको व्यवस्थापन मिलाइने छ।
५. गाउँपालिकाको क्षेत्र भित्र पर्ने समग्र पर्यटकीय क्षेत्रको पहिचान गरी पूर्वाधार निर्माण सम्बन्धी उपयुक्त नीति अवलम्बन गरिनेछ ।
६. यस गाउँपालिकाको बागथला, फुङफुङ्गे झरना, सोदोपोखरी, भूत पोखरी, तोक्पेगोला सम्मको पर्यटकीय पदमार्ग निर्माणको लागि पहल गरिनेछ ।
७. आन्तरिक तथा बाह्य पर्यटकहरु आकर्षित गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. लुम्बाखुम्बा हिमाल, तोक्पेगोला, सोदु पोखरी, फुङफुङ्गे झरना, मानाभारा डाँडा, वागथला, ओत्रक पोखरी, जुङलुङ गुम्बा, कोर्यँक डाँडा हेङखाम पोखरी, लोदेन टार जस्ता

स्थानहरुलाई मिक्वाखोला गाउँपालिकाको आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक प्रचार प्रसार गरिने छ ।

९. यस गाउँपालिका क्षेत्रभित्र रहेका ताल, तलैया तथा पोखरीहरुको भौगर्भिक अध्ययन गरि उक्त क्षेत्रहरुलाई रामसार सन्धीबाट स्थापित आधारहरु पुरा हुन सक्ने भएमा सिमसार क्षेत्र घोषणा गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।

**सदस्य ज्यूहरु,**

## (छ) <u>भौतिक पूर्वाधार तथा सडक सम्बन्धी नीतिः</u>

१. मुख्य सडक हान्द्रुङ-दुगुर्ने-खोक्लिङ-लिवाङ-साँवा-पापुङको स्तरउन्नती गरि ८ मिटर चौडा बनाई ग्राभल र कालोपत्रे गरि रणनीतिक महत्वको मोटरबाटोको रुपमा स्तरउन्नती गरिने छ ।

२. पालिका भित्र खोलिएका ट्रयाकहरुलाई स्तरउन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ द्रुत गतिमा अगाडि बढाईनेछ ।

३. कृषि सडकहरुलाई व्यवस्थित गरिने छ।

४. गाउँपालिकाको मध्यकालिन खर्च संरचना कार्यान्वयन गरिनेछ।

५. गाउँपालिकाको प्रशासकीय भवन, पाँच शैया अस्पताल, स्वास्थ्य संस्था, पर्यटकीय तथा सामाजिक ऐतिहासिक महत्व वोकेको स्थलहरु बजेटको सुनिश्चितता गरि निर्माण कार्यलाई निरन्तरता दिई समयमानै सम्पन्न गरिने छ ।

६. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका मोटरबाटोहरुको स्तरउन्नती गरी वाह्रैमास चल्ने बनाउनको लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

७. संघीय र प्रदेश सरकार तथा दातृ निकायहरु सँग साझेदारीमा संचालन हुने आयोजनाहरुको यकिन गरी समपुरक कोष (Matching Fund) को व्यवस्था गरिनेछ ।

८. वस्ती स्तरवाट छनौट भएका योजना कार्यक्रमहरुको प्राथमिकता निर्धारण गर्दा श्रम तथा वातावरण मैत्री, आयआर्जन तथा छिटो प्रतिफल दिने र जनसहभागितामा आधारित योजना तथा कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरिने छ।

९. सडक लगायत भौतिक पूर्वाधार निर्माण कार्यलाई दीगो, वातावरणमैत्री र छिटो छरितो ढंगबाट गुणस्तरीय रुपमा निर्माण गरिनेछ ।

१०. खानी उत्खनन गर्ने नियमानुसार दर्ता प्रक्रियालाई सरलीकरण गरिनेछ ।साथै सम्भाव्यता अध्ययन गरी विभिन्न खानीहरु जस्तै ( ढुङ्गामा एकुमेरिन, टुरमालिङ, निलम, स्काई ढुङ्गा आदी), सुन, तामा, पित्तल, फलाम आदी उत्खनन तथा बिक्री वितरण प्रणाली लागू गर्ने पहल गरिनेछ ।

११. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (Design Estimate) तयार गर्ने नीति लिईनेछ ।

१२. भू-कम्पको जोखिमलाई मध्यनजर गरी वस्ती विकास शहरी योजना तथा भवन निर्माण आचारसंहिता क्रमिक रुपमा लागु गरिनेछ ।

१३. पालिका भित्र रहेका ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१४. कुनै पनि आयोजना छनौट गर्दा पालिका भित्रका सम्पुर्ण सडकहरुको लगत कट्टा गरि नेपाल सरकारको मातहतमा ल्याउने व्यवस्था मिलाइने छ ।

१५. गाउँपालिका भित्रका निम्न योजनाहरुलाई गौरवका आयोजनाको रुपमा ५ बर्ष सम्म निरन्तरता दिई कार्यक्रम संचालन गरिनेछ ।

| क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | **हान्द्रुङ देखि पापुङ सम्म कालोपत्रे** | |
| २. | डाँडागाउँ, लिवाङ, साँवा, पापुङ जोड्ने मोटरबाटो निर्माण | |
| ३. | वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम | |
| ४. | प्रमुख प्रशासकीय भवन निर्माण | |
| ५. | पाँच शैयाको अस्पताल | |
| ६. | बर्थिङ सेन्टर पापुङ | |
| ७. | ओझागाउँ आ.वि. भवन निर्माण | |
| ८. | वडा कार्यालय भवन निर्माण वडा नं. १ | |
| ९. | शेर्पा आ.वि. भवन निर्माण | |
| १०. | सिंहेश्वरी आ.वि. भवन निर्माण | |
| ११. | साँवा मा.वि. भवन निर्माण/वेशीगाउँ आ.वि. भवन निर्माण | |
| १२. | साङगेछोलिङ गुम्बा निर्माण | |
| १३. | सगरमाथा आ.वि. युवा खेलमैदान निर्माण | |
| १४. | दुगुर्ने थुम्बा मोटरेवल पुलदेखि बेशीगाउँ आ.वि. हुँदै २ नं। वडा कार्यालय वैराखु आ.वि. दुरिङ हुँदै होवोक काडे जोड्ने सडक स्तरउन्नती | |

१६. पालिका भित्रका गौरवको योजनाहरुलाई श्रोत सुनिस्चित गर्न मध्यकालिन खर्च संरचना निर्माण (MTEF) गरि लागु गरिनेछ ।

१७. पालिका भित्रको मुल सडक हान्द्रुङ देखि पापुङ सम्म कालोपत्र गर्ने व्यवस्था मिलाईने छ ।

१८. ठूला परियोजना संचालन गर्दा वातावरणीय अध्ययन सर्वेक्षण गरिनेछ ।

## सदस्य ज्यूहरु,

### (ज) लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीतिः

1. भौतिक संरचना निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री भवन निर्माण गरिनेछ।
2. गाउँपालिका भित्र रहेका महिला आमा समूहको क्षमता अभिवृद्धि गर्न सचेतनामुलक तथा सीपमुलक तालिमको व्यवस्था गरिने छ ।
3. लैगिक विभेदलाई न्यूनिकरण गर्न विभिन्न कार्यक्रमहरु आयोजना गरिने छ ।
4. महिलालाई आर्थिक कृयाकलापमा सक्रिय बनाउन महिला उद्यमशिलता कार्यक्रम सञ्चालन गरिने छ ।
5. गाउँपालिका भित्रका परम्परागत पेशाको संरक्षण, सम्वर्धन तथा आधुनिकिकरणको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
6. जातीय छुवाछुत तथा भेदभावलाई न्यूनिकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
7. पालिका स्तरीय बाल क्लब गठन गरी सामाजिक विकृतिहरु अन्त्य गर्ने अभियान सञ्चालन गरिनेछ ।
8. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मासिक नाम दर्ता, लगत कट्टा र परिचय पत्र बितरण गरिनेछ।
9. सामाजिक सुरक्षा भत्ता त्रैमाशिक रुपमा बैंक संगको सहकार्यमा वडा स्तरबाटनै बितरण गर्ने व्यवस्था ल्याई निरन्तरता दिईने छ ।
10. अपाङ्ग रोकथाम तथा पुनः स्थापना आवस्यक कार्यक्रमको व्यवस्था मिलाईनेछ ।
11. लागु औषध तथा दुर्व्यसन न्युनिकरण गर्न विविध सचेतनामूलक कार्यक्रम गर्ने व्यवस्था मिलाईनेछ ।

## सदस्य ज्यूहरु,

### (झ) रोजगार तथा व्यवसाय प्रवर्धन सम्बन्धी नीति

1. स्थानीय कृषि, पशु व्यवसाय उद्यमसिलतालाइ जोड दिदै समुदायलाई व्यवसायिक र रोजगारी मुखी बनाइने छ।
2. जडिबुटी उत्पादनको पकेट क्षेत्र पहिचान गरी जडिबुटि प्रशोधन तथा सुगन्धित तेल उत्पादन उद्योग साथै विभिन्न उद्योग स्थापना गर्न आवश्यक नीति अवलम्बन गरिने छ।

3. पर्यटन तथा पशुपालन व्यवसायका लागि प्रवर्धनात्मक कार्यक्रमहरु समावेश गरिने छ ।
4. जडिबुटी प्रशोधन कम्पनी, नर्सरी केन्द्र र नमुना आधुनिक खेती व्यवसायलाई बढावा दिइनेछ ।
5. गाउँपालिकाको सबै वडाहरुलाई प्रदान गरिने कृषि आधुनिकिकरण परियोजना अन्तर्गत उत्पादन हुने बाली तथा अनाजको आधारमा पकेट क्षेत्र कायम गरिने छ ।
6. युवा तथा वेरोजगार वर्गलाई लक्षित गरी सिपमुलक तालिमहरु संचालन गरी व्यवसायिक वनाउने कार्यक्रमहरु तर्जुमा गरिने छ ।
7. स्थानीय दिर्घकालिन रोजगारी सिर्जना तथा वेरोजगारी न्युनिकरणको लागि राष्ट्रिय रोजगार कार्यक्रम सँग स्थानीय साझेदारी मार्फत सिप विकास तालिम, कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गरिनेछ ।
8. वैदेशिक रोजगारको लागि सुरक्षित आवास (सामी) कार्यक्रम लागू गरिनेछ ।
9. उद्यमशिल सिपमूलक तालिम पालिका भित्र मागमा आधारित उद्यमशिल तालिम सञ्चालन गरिनेछ ।

**सदस्य ज्यूहरु,**

## (ज) वन बातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

1. विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्युनीकरण सम्बन्धी कार्यान्वयनमा ल्याईनेछ ।
2. विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गरिनेछ ।
3. वर्तमान अवस्थामा महामारीको रुपमा फैलिन सक्ने विविध रोगलाई रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
4. विपद् जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको स्थानान्तरण, विपद् पुर्वतयारी, खोज तथा उद्दार राहत सामाग्रीको भण्डारण, वितरण र समन्वय गरिने छ ।
5. जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुर्‍याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
6. जलवायु परिवर्तनबाट पारिस्थिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनिकरण तथा अनुकुलनका कार्यक्रम सञ्चालन गरिनेछ ।
7. वन व्यवस्थापनलाई पारदर्शी, जवाफदेही, उत्तरदायी र समावेशी बनाइनेछ ।
8. विपद् न्यूनिकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

**सदस्य ज्यूहरु,**

## (ट) <u>भूमि वर्गिकरण तथा व्यवस्थापन सम्बन्धी नीति</u>

१. भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवास गरेका नागरिकहरुलाई संघ, प्रदेश र गाउँपालिकाको सहकार्यमा जग्गाको व्यवस्था मिलाउन पहल गरिने छ।

२. गाउँपालिका भरिका अतिक्रमित जग्गाहरु पूर्णरुपमा गाउँपालिकाको मातहतमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरु सम्भाव्यता अध्ययन गरी सोही अनुरुप योजना छनौट गरी आय आर्जनमा टेवा पुर्‍याउने नीति अवलम्बन गरिनेछ ।

३. गाउँपालिका भित्र सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

## सदस्य ज्यूहरु,

### (ठ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीति

1. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा मातहतका कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (Career Development System) लाई व्यवस्थित गरिनेछ ।
2. गाउँपालिको दरवन्दी अनुसार सम्पूर्ण पदहरुमा लोकसेवा आयोग मार्फत स्थायी पदपूर्तिमा जोड दिइने छ, आवश्यक रहेको अवस्थामा करारमा राखि समेत सेवा प्रवाह चुस्तदुरुस्त बनाइनेछ।
3. गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली (Tax System)लाई फराकिलो तथा प्रभावकारी बनाइनेछ ।
4. मिक्वाखोला गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम व्यवस्था गरिनेछ ।
5. गाउँपालिका भित्र रहेका सम्पुर्ण निर्माण व्यवसायी, संघसस्था, समूह, सहकारी, हाईड्रोपावर, किराना पसल, होटल सबैलाई पालिकामा सूचिकृत/दर्ता अनिवार्य रुपमा गरि करको दायरामा ल्याईनेछ ।
6. गाउँपालिका स्थित सार्वजनिक निकायहरुमा कर्मचारीहरुद्वारा सम्पादनहुने सेवा प्रवाह तथा कामकार्वाहीको उचित मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी छनौट गरि पुरस्कार को व्यवस्था गरिने छ।
7. क्षमता विकास योजना (Capacity Development Plan) अनुसार कर्मचारीको आवश्यकता र चाहना अनुरुप तालिम प्रदान गरिनेछ ।
8. पालिका प्रहरीहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।
9. उजुरी पेटिका, सार्वजनिक सुनुवाई मार्फत जनताको गुनासोहरुलाई संबोधन गरिनेछ।
10. गाउँपालिकाबाट योजना तथा कार्यक्रम संचालनमा पारदर्शिता कायम गर्न सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।
11. गाउँपालिकाको बस्तुगत बिबरण (Village Profile) तयार गरि कार्यान्वयन गरिनेछ ।

12. टेलिभिजन, टेलिफोन तथा ंइन्टरनेट सेवाको पहुंच र गुणस्तर अभिबृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल र नेपाल टेलिभिजन लगायतका सेवा प्रदायक कम्पनीहरुसँग बिषेश पहल गरिनेछ ।
13. प्रत्येक वडामा १-१ जना वडा सचिव, योजना प्राविधिक, कृषि प्राविधिक, भटेरिनरी प्राविधिक तथा कार्यालय सहयोगीको व्यवस्था गरि कर्मचारी दरवन्दीलाई पूर्णता दिइनेछ।
14. प्रत्येक विषयगत शाखाका प्रमुखले आ-आफ्नो विषयको त्रैमासिक कार्यप्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका बैठकमा पेश गर्नुपर्ने छ।
**15.** सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि, लेखा प्रणाली साथै कोपोमिस प्रणाली सञ्चालन गर्नको लागि आवश्यक क्षमता विकास तालिमको व्यवस्थापन गरिनेछ ।
**16.** बेरुजु न्युनिकरण गर्नको लागि आवश्यक पहल गरि शुन्य बेरुजु बनाउन नियमित अबलम्बन गरिनेछ ।
**17.** कर्मचारी र जनप्रतिनिधिहरुलाई कार्यालय संचालन व्यवस्थापन सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गरि जनताहरुलाई सहज सेवा/सुविधा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
**18.** गाउँपालिका, वडाकार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सूचिकृत गरि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

**सदस्य ज्यूहरु,**

सूचना र सञ्चार प्रविधिमा भएको तीव्र विकासले गर्दा आधुनिक विश्व नै एक गाँउ (Global Village) मा रुपान्तरण भएको छ। हालका वर्षहरुमा दिगो विकासका वृहतर लक्ष्य हासिल गर्न अवलम्वन गरिएका नीतिहरुको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहदै आएको छ।

## (ड) सूचना तथा सञ्चार प्रविधि

१. कार्यपालिका सदस्य, वडा सदस्यहरु, वडाका कर्मचारीहरु तथा विद्यालयको प्र.अ. हरुलाई आवश्यक सूचना तथा सञ्चार प्रविधि सम्बन्धि तालिमको व्यवस्था गरिने छ।

२. गाउँपालिका कार्यालय र मातहतका सबै वडा कार्यालय, स्वास्थ्य चौकी तथा बजार परिसरमा नियमित अनुगमन गर्ने प्रणालीको क्रमागत विकास गरिने छ।

३. गाउँपालिकाका ५ वटै वडा कार्यालयहरुमा अनलाईन मार्फत राजस्व संकलनका लागि राजस्व व्यवस्थापन प्रणाली (Rajaswa Software) जडानका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४. सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई लेसपेपर को अवधारणा विकास गरिनेछ ।

५. स्थानिय पत्रपत्रिका तथा एफ.एम. रेडियो सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

६. गाउँपालिका तथा वडा कार्यालयहरुमा अपुग भएका ICT सम्बन्धी उपकरणहरुको लेखाजोखा गरी आवश्यकता अनुसार कम्प्युटर, प्रिन्टर, ल्यापटपहरुको खरिद गरी वितरणको व्यवस्था गरिनेछ ।

७. गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउँन नयाँ प्रविधिहरुको प्रयोगमा जोड दिईनेछ ।

८. अभिलेख ब्यवस्थापनमा नविनतम सूचना प्रबिधिको प्रयोग गरी सूचना तथा अभिलेख केन्द्रलाई डिजिटाइजेशनमा प्रवेश गरिनेछ ।

९. निजी क्षेत्रसंगको सहकार्यमा पालिका भित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा इन्टरनेटको उपलब्धता पुर्‍याउन पहल गरिनेछ ।

१०. विद्युतीय शासन प्रणाली (e-Governance System) मार्फत मिक्वाखोला गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

**सदस्य ज्यूहरु,**

**न्याय सम्पादन सम्बन्धि नीतिः**

१. न्याय समितिको क्षेत्र अधिकार भित्र रहि न्याय सम्पादनलाई छिटो छरितो र व्यवस्थित बनाईनेछ ।
२. विवाद समाधानमा मेलमिलाप कर्ताको भुमिका बढाउदै लगिनेछ र मेलमिलाप कर्ताको क्षमता बिकासमा जोड दिईनेछ ।
३. न्यायिक शिक्षाको माध्यमबाट स्थानीय कानुन सचेतना अभिवृद्धि गरिनेछ ।

**सदस्य ज्यूहरु,**

**अनुगमन सम्बन्धि नीतिः**

१. अनुगमन प्रणालीलाई व्यवस्थित बनाउन निर्माण कार्यको चरणमा र निर्माण सम्पन्न भएपश्चात योजनाहरु अनुगमन तथा निरिक्षण गरिनेछ ।
२. वडास्तरबाट हुने योजना अनुगमनलाई व्यवस्थित बनाउन पालिका स्तरबाट पनि अनुगमन गर्ने वातावरण सिर्जना गरिनेछ ।
३. अनुगमन समितिको सक्रियता अभिवृद्धि गरिनेछ ।
४. योजनाको लागतको आधारमा अनुगमन समिति र फरफारक समितिलाई व्यवस्थित बनाईनेछ ।
५. सञ्चालित कार्यक्रमको गुणस्तरीयता अभिवृद्धिमा जोड दिईनेछ ।

**आदरणीय गाउँसभाका सदस्यहरू,**

अन्त्यमा, यस नीति तथा कार्यक्रमलाई अक्षरांस कार्यान्वयन गर्न सकेको खण्डमा कोशी प्रदेशको उच्च हिमाली जिल्ला ताप्लेजुङको यस मिक्वाखोला गाउँपालिकालाई समृद्ध, समुन्नत र विकसित गाउँपालिकाको रूपमा विकास गराउन सकिने प्रशस्त सम्भावना रहेको जानकारी गराउदछु ।यस गाउँसभाको २० औं अधिवेशनमा सहभागी पालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरु नीति तथा कार्यक्रम निर्माणमा खटिनु भएका कर्मचारीहरू, राजनैतिक पार्टी, राष्ट्रसेवक, किसान तथा श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, सञ्चारकर्मी तथा पत्रकार लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद←
नमस्कार
भक्त बहादुर कार्की
सभा अध्यक्ष
मिक्वाखोला गाउँसभा